# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १० मितिः २०७६/११/११

## भाग -२

## रामपुर नगरपालिकाको
## खानेपानी उपभोक्ता समिति गठन तथा मुल दर्ता कार्यविधि, २०७६

***प्रस्तावना :*** रामपुर नगरपालिका क्षेत्र भित्र स्वच्छ खानेपानीको सबै नगरबासीहरुमा पिउनयोग्य पानीको पहुँच गराउने उद्धेश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी उपभोक्ता समिती गठन तथा मुल दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले जलस्रोत ऐन २०४९, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २(ध) र (प) तथा दफा १०२ बमोजिम रामपुर नगर कार्यपालिकाबाट खानेपानी उपभोक्ता समिति गठन तथा मुल दर्ता कार्यविधि- २०७६ बनाइएको छ।

## परिच्छेद-१
## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. यस कार्यविधिको नाम "खानेपानी उपभोक्ता समिति गठन तथा मुल दर्ता कार्यविधि- २०७६" रहेको छ।

२. यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

क) "नगरपालिका" भन्नाले रामपुर नगरपालिका सम्झनु पर्छ।

ख) "खानेपानी" भन्नाले घरेलु तथा औद्योगिक उपयोगको लागि आपूर्ति गरिने पानी साथै स्वच्छ पिउने पानीलाई सम्झनु पर्छ।

ग) "ऐन" भन्नाले जलस्रोत ऐन २०४९लाई सम्झनु पर्छ।

घ) "स्रोत" भन्नाले भू–सतह वा भूमिगत रुपमा रहेको खानेपानीको स्रोत सम्झनु पर्छ।

ङ) "सर्वेक्षण" भन्नाले संरचनाको निर्माण, संरचना निर्माण गर्दा पर्ने वातावरणीय असर, स्रोतबाट उपयोग तथा वितरण गर्न सकिने खानेपानीको परिमाण, खानेपानीबाट लाभान्विन हुनेहरुको संख्या लगायत आर्थिक तथा प्राविधिक तथ्य तथ्याङकरु समेतको विश्लेषण गरी विस्तृत रुपबाट तयार गरिएको अन्वेषण संभाव्यता अध्ययन र तत् सम्बन्धी विस्तृत इन्जिनियरिङ डिजायन समेतको कार्य सम्झनु पर्छ।

च) "परियोजना" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सञ्चालन गर्ने खानेपानी परियोजना सम्झनु पर्छ र सो शब्दले उपभोक्ता समितिलाई हस्तान्तरण गरेको परियोजना वा उपभोक्ता समिति आफैले विकास गरी सञ्चालन गरेको परियोजना समेतलाई जनाउँछ।

छ) "खानेपानी उपभोक्ता समिति" भन्नाले बुदाँ ३ बमोजिम गठित समिति सम्झनु पर्छ।

ज) "जलस्रोत समिति" भन्नाले बुदाँ २५ बमोजिम गठित समिति सम्झनु पर्छ।

झ) “खानेपानी मुल दर्ता” भन्नाले बुदाँ ४५ बमोजिम गठित समिति सम्झनु पर्छ।

ञ) “पानी आपूर्तिकर्ता” भन्नाले यस कार्यविधि बमोजिम उपभोक्तालाई खानेपानी आपूर्ति गर्ने उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

ट) “सेवा” भन्नाले पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराएको खानेपानी सेवा सम्झनु पर्छ।

ठ) “उपभोक्ता” भन्नाले पानी आपूर्तिकर्ताले उपलब्ध गराएको सेवा उपभोग गर्ने व्यक्ति वा निकाय सम्झनु पर्छ।

ड) "सेवा शुल्क" भन्नाले सेवा उपयोग गरे बापत पानी उपभोक्ता आपूर्तिकर्तालाई बुझाउनु पर्ने सेवा शुल्क सम्झनु पर्छ र सो शब्दले विलम्ब शुल्क समेतलाई जनाउँछ।

ढ) “निरीक्षक” भन्नाले वुदाँ ८५ बमोजिम तोकिएको खानेपानी निरीक्षक सम्झनु पर्छ।

## परिच्छेद-२
## उपभोक्ता समिति गठन सम्बन्धि व्यवस्था

### ३. उपभोक्ता समिति गठन

१. सामूहिक लाभको लागि परियोजनाको विकास तथा सञ्चालन गरी त्यसबाट लाभान्विन हुन चाहने व्यक्तिहरुले उपभोक्ता समिति गठन गर्न सक्ने छन्।

२. उपवुदाँ (१) बमोजिम गठन गरिने उपभोक्ता समितिको कार्यकारी समितिमा कम्तीमा दुईजना महिला सहित नौजना व्यक्तिहरु सदस्य रहने छन् ।त्यसरी अफ्नो अवधिभर उपभोक्ता समिति गठन हुन नसकेमा नगर प्रमुखले तदर्थ समिति गठन गर्न सक्नेछ ।त्यस प्रकारको समितिले कार्यकारीको समेत काम गर्न सक्नेछ। सो समितिको अवधि समितिको गठन पछि स्वतःनिष्क्रय हुनेछ।समितिमा कम्तिमा १ जना पदेन सदस्य नगर प्रमुख वा निजले तोकेको प्रतिनिधि रहनेछ ।

### ४. उपभोक्ता समितिको विधान

(१) उपभोक्ता समितिको एउटा विधान हुनेछ।

(२) उपवुदाँ (१) बमोजिमको विधानमा देहायका कुराहरु खुलाएको हुनु पर्नेछः

(क) उद्धेश्य तथा कार्य क्षेत्र,

(ख) सदस्यताको लागि योग्यता,

(ग) सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि,

(घ) सदस्यताको अयोग्यता,

(ङ) साधारण सभाको गठन,

(च) साधारण सभाको अधिवेशन,
(छ) साधारण सभाको काम, कर्तव्य र अधिकार,
(ज) कार्य समितिको गठन,
(झ) कार्य समितिको बैठक,
(ञ) कार्य समितिको काम, कर्तव्य र अधिकार,
(ट) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार,
(ठ) निर्वाचन सम्बन्धी व्यवस्था,
(ड) अविश्वासको प्रस्ताव,
(ढ) आर्थिक स्रोत,
(ण) चल अचल सम्पत्तिको विवरण,
(त) कोष,
(थ) लेखापरीक्षण,
(द) विधानमा संशोधन,
(ध) विनियम बनाउन सक्ने कुरा,
(न) अन्य आवश्यक कुराहरु।

**५. उपभोक्ता समिति दर्ता गर्न दरखास्त दिनु पर्ने –**

उपभोक्ता समिति दर्ता गर्न चाहने व्यक्तिहरुले एक सय रुपैयाँ दस्तुर सहित अनुसूची–१ बमोजिमको ढाँचामा नगर जलस्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ।

**६. उपभोक्ता समितिको दर्ता –**

१. वुदाँ ५ बमोजिम दरखास्त प्राप्त भएपछि समितिले उपभोक्ता समितिले विकास गर्न प्रस्तावित गरेको परियोजना आर्थिक तथा प्राविधिक दृष्टिकोण समेतबाट विकास गर्न उपयुक्त भए नभएको जाँचबुझ गरी सो सम्बन्धमा सम्बन्धित निकायसँग परामर्श समेत गर्दा परियोजना विकास गर्न उपयुक्त देखिएमा समितिले उपभोक्ता समिति दर्ता गरी दरखास्तवालालाई अनुसुची–२ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्ने छ।

२. उपवुदाँ (१) बमोजिम जाचँबुझ तथा परामर्श गर्दा उपभोक्ता समिति दर्ता गर्न नमिल्ने भएमा समितिले त्यसको कारण सहितको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ।

**७. दोहोरो उपभोक्ता समिति दर्ता नगरिने –**

कुनै स्रोतको उपभोग गर्न कुनै उपभोक्ता समिति दर्ता भई सकेपछि त्यस्तो उपभोक्ता समितिले उपभोग गर्ने पानीको परिमाणमा कटौती हुने गरी सोही समितिको कार्यक्षेत्रभित्र अर्को उपभोक्ता समिति दर्ता गरिने छैन।

**८. स्रोतको पानीमा उपभोक्ता समितिको अधिकार कायम रहने –**

१. वुदाँ ६ बमोजिम उपभोक्ता समिति दर्ता भएपछि उपभोक्ता समितिले उपयोग गर्न तोकिएको हदसम्मको परिमाण बराबर पानीको स्रोतमा उपभोक्ता समितिको अधिकार कायम रहनेछ।

२. यो कार्यविधि प्रारम्भ हुनु अघि नेपाल सरकारले विकास गरेको खानेपानी परियोजना संचालन गर्न ऐनको दफा ११ बमोजिम कुनै उपभोक्ता समितिलाई हस्तान्तरण गरेको भए त्यस्तो उपभोक्ता समितिले उपयोग गर्ने हद सम्मको परिमाण बराबर पानीको स्रोतमा त्यस्तो उपभोक्ता समितिको अधिकार कायम रहनेछ।

३. कुनै व्यक्तिको पानीको मूल वा स्रोत भएको जग्गा भए सो व्यक्ति सँग सहमति गरी सम्झौता पत्र वा सो जग्गा संस्थाले खरिद गरि मूल दर्ता प्रक्रियमा जानुपर्नेछ।

४. कुनै व्यक्ति वा संस्थाको जग्गाबाट निकालिएको पानीको स्रोतमा कहि कसैले उजुरवाजुर गर्न पाइने छैन।

५. यदि नजिकै सिंचाईका लागि प्रयोगमा आएका कुलो वा नहर भएता पनि पहिलो प्राथमिकता पिउने पानीलाई राखिनेछ। यस्तो अवस्थामा भने आवश्यकता भन्दा बढी पानी अन्य प्रयोजनको लागि प्रयोगमा ल्याउन पाइने छैन।

**९. रामपुर नगरपालिकाले विकास गरेको परियोजना संचालन गर्ने उपभोक्ता समितिको गठन र दर्ताः**

१. परियोजना उपभोक्ता समिति मार्फत संचालन गराउन चाहेमा त्यस्तो परियोजना संचालन गर्न चाहने व्यक्तिहरुले वुदाँ ३ बमोजिम उपभोक्ता समिति गठन गरी वुदाँ ५ बमोजिम दर्ता गराउनु पर्नेछ।

२. उपवुदाँ (१) बमोजिम उपभोक्ता समिति दर्ता गर्ने सम्बन्धमा मूल दर्ता समिति समक्ष दरखास्त दिँदा नगरपालिकाले त्यस्तो उपभोक्ता समितिलाई परियोजना संचालन गर्ने विषयमा दिएको पत्र समेत संलग्न गर्नु पर्नेछ।

**१०. समिति संगठित मानिनेः**

१. यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित समिति हुनेछ। सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

२. समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ।

**११. समितिको सम्पत्ति**

१. समितिको सदस्य वा कर्मचारी लगायत कुनै समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ती दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेबाट लिई समितिलाई फिर्ता बुझाईदिन सक्नेछ।

२. उपवुदाँ (१) बमोजिमको समितिको सम्पत्ति फिर्ता गर्ने गरी नगरपालिकाले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित अदालतमा उजुर गर्न सक्नेछ।

३. समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम नगरपालिकाले कारबाही चलाउन सक्नेछ।

**१२. यस अघि दर्ता भई वा नभई स्थापना भएका समिति दर्ता गर्नेः** यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भई वा नभई स्थापना भईरहेका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिना भित्र यो कार्यविधि बमोजिम सूचिकृत गराउनु पर्नेछ । सूचिकृत दर्ता हुनको लागि गत आ.व.सम्म को लेखा परिक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

**१३. समितिको उदेश्यहरुमा हेरफेरः**

१. समितिको उदेश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाँभ्न उचित देखेमा सो समितिले तत् सम्वन्धि प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न समितिको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

२. साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुईतिहाई सदस्यहरुले प्रस्तावमा सर्मथन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ। तर, सो प्रस्ताव लागु गर्न नगरपालिका को पूर्व स्वीकृत लिनु पर्नेछ।

**१४. समितिको वर्गिकरणः** दर्ता अनुमति प्राप्त गरि नगरपलिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य सख्याको आधारमा निम्नानुसार उपभोक्ता समितिको बर्गिकरण हुनेछ र सोही बमोजिम तपसील बमोजिमको निर्धारण गरिनेछ।

| | |
|---|---|
| १) ५०१जना वा सो भन्दा बढि उपभोक्ता सदस्य भएको (क वर्ग ) | ३०००।- |
| २) २०१ देखि ५०० जना उपभोक्ता सदस्य भएको (ख वर्ग ) | २०००।- |
| ३) १०० जना सम्म उपभोक्ता सदस्य भएको (ग वर्ग ) | १०००।- |

**१५. तदर्थ समिति गठन गर्न सकिनेः** यस अघि दर्ता स्वीकृत प्राप्त गरी संचालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकिए बमोजिम ६ महिनाभित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा नगरेमा तदर्थ समिति गठन गर्न सकिनेछ।त्यसरी गठन गर्न नसकेमा अवधि पुरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरि संचालन नियमित गर्न नगरपलिकाको तर्फबाट सम्वन्धीत उपभोक्ता सदस्य मध्येबाट तदर्थ समिति गठन गरी आवश्यक प्रकृया काम कारवाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ।त्यस प्रकारको समितिले सम्पूर्ण कार्यहरु गर्न सकिनेछ ।

१६. **संघ गठन गर्नः** दर्ता स्वीकृत प्राप्त गरी नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी नगर स्तरीय खानेपानी उपभोक्ता संघ गठन गरी अन्य समितिहरुलाई व्यवस्थित रुपमा संचालन गर्न सकिनेछ।

१७. **हिसाबको विवरण पठाउनु पर्नेः** उपभोक्ता समितिले आफ्नो समितिको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक अधिकृतद्धारा जाचँ गराउन सक्नेछ।

१८. **हिसाबको जाँच गर्नेः**

१. प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाब आफूले नियक्ति गरेको कुनै अधिकृतद्धारा जाचँ गराउन सक्नेछ।

२. हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा शोधेको प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी,सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

३. हिसाब जाँच गर्ने अधिकृतले नगरपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ती सो संस्थाको कुनै पदाधिकारी,सदस्य वा कर्मचारीले हिनामिना गरेको नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने नगरपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ।तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्धा चलाउन सक्नेछ।

१९. **निर्देशन दिनेः** नगरपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित समितिको कर्तव्य हुनेछ।

२०. **दण्ड सजायः**

१. वुदाँ ६ बमोजिम दर्ता भई समिति स्थापना वा वुदाँ ७ बमोजिम दर्ता नगरी समिति संचालन गरेमा त्यस्ता समितिका सदस्यहरुबाट नगरपालिकाले जनही एक हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ।

२. वुदाँ १७ बमोजिम हिसाबको विवरण नपठाएमा समितिका सदस्यहरुबाट नगरपालिकाले जनही एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले वुदाँ १७ उल्लघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण गर्न सकेमा निजलाई सजाय गरिने छैन।

३. बुदाँ (१८) को उपदफा (१) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी सदस्य वा कर्मचारीलाई नगरपालिकाले एक हजार रुपैयासम्म जनही जरिवाना गर्न सक्नेछ।

४. बुदाँ (१७) बमोजिम नगरपालिकाको स्वीकृती नलिई समितिको उद्धेश्यमा हेरफेर गरेमा वा अर्को समितिसँग गाभेमा वा समितिले आफ्नो उदेश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्बन गर्न निलम्बन गर्न वा खारेज गर्न सक्नेछ।

**२१. पुनरावेदनः** बुदाँ(२०) उपदफा बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने सक्ने।

**२२. समितिको विघटन वा त्यस्को परिणामः**

१. समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ।

२. उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथा भ्याए सम्म नगरपालिकाले व्यर्होने छ।

३. उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्व समितिको जायजेथाले नभ्याएमा नपुग दायित्व समितिका पदाधिकारीको जायजेथाबाट प्रचलित कानून अनुरुप असुल उपर हुनेछ।

**२३. विघटन तथा संचालनः** समितिले आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन नभएसम्म नगरपालिकाले तोकेको तदर्थ समितिबाट समिति संचालन गर्नेछ।

**२४. खारेजी र बचाउः** खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि लागु हुनु पुर्व जलस्रोत ऐन २०४९ अन्तगर्त दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ।

## परिच्छेद-३
## नगर जलस्रोत समिति गठन सम्बन्धी व्यवस्था

**२५. नगर जलस्रोत समितिको गठनः**

१. नगरपालिका भित्र रहेको खानेपानीको उपयोग, मुल दर्ता,नवीकरणका लागि बुदाँ ६ बमोजिम अनुमतिपत्र प्रदान गर्ने प्रयोजनको लागि नगर जलस्रोत समिति रहनेछ ।

२. नगर जलस्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन्:

(क) नगर प्रमुख अध्यक्ष
(ख) प्रमुख प्रशासकिय अधिकृत सदस्य
(ग) सामाजिक विकास समिति संयोजक सदस्य
(घ) खानेपानी उपभोक्ता समितिका अध्यक्षहरु
मध्येबाट नगर प्रमुखले तोकेको १ जना सदस्य
(ङ) नगर प्रमुखले तोकेको सम्वन्धित वडाको अध्यक्ष सदस्य
(ज) अधिकृत स्तरको कर्मचारी सदस्य सचिव

**२६. नगर जलस्रोत समितिको बैठक सम्बन्धी कार्यविधिः**

१. नगर जलस्रोत समितिको बैठक अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।
२. बैठकको अध्यक्षता नगर खानेपानी समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा प्रमुख प्रशासकिय अधिकृत अध्यक्षता गर्नेछ ।
३. नगर जलस्रोत समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।
४. नगर जलस्रोत समितिमा कुनै विषयमा छलफल भै मतदान हुँदा उपस्थित सदस्य संख्याको दुई तिहाई सदस्यहरूको मतलाई नगर जलस्रोत समितिको निर्णय मानिनेछ ।
५. नगर जलस्रोत समितिको निर्णय सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।
६. नगर जलस्रोत समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**२७. नगर जलस्रोत समितिको संयुक्त बैठकः**

१. जलस्रोतको उपयोगसँग सम्बन्धित कुनै काम एक भन्दाबढी खानेपानी समितिहरूसँग सम्बन्धित भएमा सम्बन्धित नगर जलस्रोत समितिको संयुक्त बैठकले यो कार्यविधि बमोजिमको अधिकारको प्रयोग गर्नेछ ।
२. उपवुदाँ (१) बमोजिमको संयुक्त नगर जलस्रोत समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

**२८. नगर जलस्रोत समितिको सचिवालयः** नगर जलस्रोत समितिको सचिवालय सम्बन्धित नगर कार्यपालिकाको कार्यालयमा रहनेछ ।

**२९. जलस्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनेः**

१. जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित समितिले अनुसूची–७ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायका विवरणहरू खुलाइ नगर जलस्रोत समिति समक्ष तीनप्रति दरखास्त फारम दिनु पर्नेछ ।
   क) परियोजनाको विवरण,
   ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संचरना समेत देखिने),

ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,
घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,
ङ) सर्वेक्षण गरिने जलस्रोतका क्षेत्र,
च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत (सर्वेक्षण र सञ्चालनको लागि समेत),
छ) अन्य आवश्यक कुराहरू ।

२. उपवुदाँ (१) बमोजिम सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिँदा अनुसूची–८ मा उल्लेखित दस्तुरको पच्चीस प्रतिशतको दरले हुन आउने रकम सर्वेक्षण अनुमतिपत्र दस्तुर बापत बुझाउनु पर्नेछ।

**३०. दरखास्त उपर जाँचबुझः**

१. वुदाँ २९ बमोजिम दरखास्त परेपछि ऐन र यस कार्यविधि बमोजिम दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा नगर जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

२. उपवुदाँ (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नु पर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न नगर जलस्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मुनासिब माफिकको म्याद तोकी दरखास्त परेको मितिले पन्ध्र दिनभित्र सूचना दिनु पर्नेछ ।

३. उपवुदाँ (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न नगर जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै ऐनको दफा ८ को उपदफा (२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

**३१. सर्वेक्षण अनुमतिपत्र दिनेः** वुदाँ २९ बमोजिम परेको दरखास्त उपर वुदाँ ३० बमोजिम नगर जलस्रोत समितिले आवश्यक जाँचबुझ गरेपछि दरखास्तावालाको माग अनुसार वा आवश्यक भए संशोधन समेत गरी अनुसूची–६ बमोजिमको ढाँचामा दरखास्तवालालाई खानेपानी उपयोगको सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ ।

**३२. सर्वेक्षण प्रतिवेदन पेश गर्नुपर्नेः** वुदाँ ३१ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षणको काम सम्पन्न गरेको मितिले तीस दिनभित्र आफूले गरेको सर्वेक्षणको तीनप्रति प्रतिवेदन नगर जलस्रोत समिति समक्ष पेश गर्नु पर्नेछ ।

**३३. दोहोरो सर्वेक्षण अनुमतिपत्र नदिइनेः** वुदाँ ३१ बमोजिम दिइएको सर्वेक्षण अनुमतिपत्रमा उल्लेखित अवधिभर सोही क्षेत्रमा सोही कामको सर्वेक्षण गर्न पाउने गरी अन्य कुनै व्यक्ति वा संगठित समितिलाई दोहोरो पर्ने गरी अनुमतिपत्र दिइने छैन ।

**३४. जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त दिने**

१. जलस्रोतको उपयोग गर्न चाहाने व्यक्ति वा संगठित संस्थाले अनुसूची -५ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायको विवरण खुलाई नगर जलस्रोत समिति समक्ष तीनप्रति दरखास्त फराम दिनु पर्नेछः

क) परियोजनाको विस्तृत विवरण (परियोजना स्थलको नक्शा, उपयोग गरिने पानीको स्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनाको सहभागीहरुको नाम र तिनीहरुको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठित संस्था तथा त्यस्तो संस्थाको सञ्चालकहरुको नाम, थर र वतन समेत स्पष्ट रुपमा खुलाउनुपर्छ ।

ख) सम्भाव्यताको विश्लेषाण (परियाजनाको विस्तृत नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्रलेषण र उपभोक्ताहरुको विवरण),

ग) वित्तिय व्यवस्था परियोजनाको अनुमति वित्तिय व्यवस्था, परियोजनाको लगानीकर्ताहरुको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तिय संस्थाहरुको प्रतिवद्धता र लगानीकर्ताहरुको दायित्व तथा शेयर पूँजी र ऋणको प्रतिशत),

घ) घर जग्गाको उपयोग वा प्राप्ती (परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लागत),

ङ) वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरण पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरु तथा खानेपानीमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरु, परियोजनाले सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग, परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रको व्यक्तिहरुले पाउने लाभ, निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानीय जनतालाई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरु, सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजना सञ्चालनबाट सम्बन्धित जग्गाधनीहरुलाई पर्न सक्ने असर, विस्थापित जनसंख्याको लगत र तिनीहरुको पुर्नवासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ,

**३५. दरखास्त उपर जाँचबुझः**

१. वुदाँ ३४ बमोजिम दरखास्त प्राप्त भएपछि ऐन र यस कार्यविधि बमोजिम दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा नगर जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नुपर्नेछ।

२. उपवुदाँ (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नु पर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न नगर जलस्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मुनासिब माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ।

३. उपवुदाँ (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न नगर जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै ऐनको दफा ८ को उपवुदाँ (२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

**३६. सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेः**

१. वुदाँ ३४ बमोजिम खानेपानीको उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि नगर खानेपानी समितिले वुदाँ ३३ बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरू खुलाइ सार्वजनिक गर्ने।

२. उपवुदाँ (१) बमोजिम सूचना प्रकाशित भएपछि खानेपानीको उपयोगसित सम्बन्धित परियोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरू खुलाई सूचना प्रकाशित भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित नगर जलस्रोत समिति समक्ष जो सुकैले पनि मन्तव्य दिन सक्नेछ ।

३. उपवुदाँ (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई बिचार गरी नगर खानेपानी समितिले त्यस्तो उल्लेखनीय प्रतिकूल असर न्यूनतम गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालन गर्नुपर्ने कुराहरू अनुमतिपत्र दिँदा तोकी दिनेछ ।

**३७. अनुमतिपत्र दिनेः** वुदाँ ३४ बमोजिमको दरखास्त उपर वुदाँ ३५ र ३६ बमोजिमको कार्यविधि पूरा गरी गराई नगर जलस्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची–६ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोतको उपयोग सम्बन्धी अनुमतिपत्र दिनु पर्नेछ ।

**३८. सर्वेक्षणको अनुमतिपत्र प्राप्त व्यक्तिलाई परियोजना सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिनेः** वुदाँ ३१ बमोजिम सर्वेक्षणको अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले गरेको सर्वेक्षण बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य पनि गर्न चाहेमा सर्वेक्षण कार्य पूरा गर्नु पर्ने म्याद भित्रै वुदाँ ३४ बमोजिमका विवरणहरू खुलाई दरखास्त दिएमा यस वुदाँको अन्य व्यवस्थाहरूको अधीनमा रही

दरखास्तवालालाई प्राथमिकताको साथ वुदाँ ३७ बमोजिम जलस्रोत उपयोगको अनुमतिपत्र दिन सकिने छ।

३९. **जलस्रोत माथि अधिकार कायम हुनेः** यस कार्यविधि बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उल्लेख भए बमोजिमको कामको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्मको जलस्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ।

४०. **कार्य शुरु गर्नुपर्ने अवधिः**

१. अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गरेको मितिले सर्वेक्षणको हकमा तीन महिना भित्र र जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालनको हकमा एक वर्ष भित्र भौतिक रूपमा कार्य शुरु गरी सोको जानकारी सम्बन्धित नगर जलस्रोत समितिलाई दिनु पर्नेछ।तर म्यादभित्र कार्य शुरु गर्न नसकेको कारण खोली अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा सम्बन्धित नगर जलस्रोत समितिले त्यस्तो कारण उचित र यथेष्ट देखेमा म्या- द थप गर्न सक्नेछ।

२. उपवुदाँ (१) बमोजिम कार्य शुरु भएपछि प्रत्येक ६ महिनामा भएको कामको प्रगति विवरण अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षण वा निर्माण कार्य सम्पन्न नभएसम्म सम्बन्धित नगर जलस्रोत समिति समक्ष पठाउनु पर्नेछ।

४१. **नयाँ अनुमतिपत्र लिनुपर्नेः**

१. कार्यविधि प्रारम्भ हुनु अगावैदेखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित समितिले पनि वुदाँ ३४ मा उल्लेखित विवरणहरू खुलाई ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र सम्बन्धित नगर जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त दिनेछ ।

२. उपवुदाँ (१) बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित नगर खानेपानी समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई अनुसूची–७ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ।

४२. **अनुमतिपत्र दस्तुरः** यो कार्यविधि बमोजिमको जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिँदा अनुसूची–१० मा तोकिए बमोजिमको अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ।

४३. **अनुमतिपत्र नवीकरण गर्नेः**

१. यो कार्यविधि बमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिपत्रको नवीकरण गर्नु पर्नेछ।

२. प्रत्येक अनुमतिपत्र नवीकरण गराउँदा अनुसूची–१० मा तोकिएको दस्तुरको पचास प्रतिशत नवीकरण दस्तुर लाग्नेछ।

**४४. अनुमतिपत्र विक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनुपर्नेः**

१. अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा सम्बन्धित नगर जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ।

२. उपवुदाँ (१) बमोजिम प्राप्त भएको निवेदन उपर सम्बन्धित नगर जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित समितिको नाउँमा विक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ।

## परिच्छेद-४
## मुल दर्ता समिति सम्बन्धि व्यवस्था

**४५. खानेपानीको मुल दर्ता गर्नुपर्नेः**

१. नगरपालिकाको क्षेत्रमा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (मुल) बाट संकलन गरी व्यवस्थापन गर्नुपर्ने अवस्थामा सो मुल दर्ता गर्नुपर्नेछ। खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी संकलन गर्ने उत्पादनको मुख्य श्रोत मुहान (मुल) दर्ताको लागि नगरपालिका समक्ष माग गर्नुपर्नेछ। माग भएपछि निम्न अनुसारको ६ (छ) सदस्यीय मुल दर्ता समितिले गर्न मिल्ने/नमिल्ने सम्बन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्था देखिएमा मुल दर्ता प्रमाणपत्र दिन सक्नेछ।

१) नगर प्रमुख -संयोजक

२) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

३) सम्बन्धित वडाको अध्यक्ष -सदस्य

४) अध्यक्षले तोकेको सम्बन्धित वडाको खानेपानी उपभोक्ता समितिको पदाधिकारी १ जना -सदस्य

५) अध्यक्षले तोकेको एक जना सम्बन्धित वडाको महिला सहित २ जना -सदस्य

६)प्रशासन अधिकृत -सदस्य सचिव

२. माग पश्चात प्रारम्भिक सर्वेक्षणका लागि तपसिल बमोजिमको ३ सदस्यले अनुसुची १ बमोजिम सिफारीस गर्नुपर्नेछ।

१) प्राविधिक शाखा प्रमुख

२) योजना शाखा प्रमुख

३) प्रशासन अधिकृत

**४६. मूल दर्ताः**

१. मूल दर्ता गर्न चाहने समितिले देहायको विवरण खुलाई समितिको विधान एक प्रति र तोकिएको दस्तुर सहित नगर प्रमुख समक्ष अनुसुचि -३ को ढाचाँमा निवेदन दिनु पर्नेछ।

क) समितिको नाम,

ख) उद्धेश्यहरु

ग) समितिका सदस्यहरुको नाम,ठेगाना,पेशा र नागरिकताको प्रतिलिपी,

घ) कार्यालयको ठेगाना ,

ङ) मूल दर्ताको विधि र प्रक्रिया

२. उपवुदाँ (१)बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाचँबुझका लागि प्रारम्भिक सर्वेक्षण गराउनेछ।

३. सर्वेक्षण पश्चात सिफारीस भइसकेपछि नगरपालिका कार्यालयले ३५ दिने सूचना जारी गर्ने छ।

४. ३५ दिनभित्र कुनै पनि उजुरी नपरेमा मूल दर्ता समिति समक्ष पेश गर्नुपर्नेछ।

५. दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना सम्बन्धित समितिलाई दिनुपर्नेछ ।

६. उपवुदाँ (४) बमोजिमको उजुरी प्राप्त भएपछि मूल दर्ता समितिले आवश्यक जाचँबुझ गरी त्यस्तो मूल दर्ता समिति गठन गर्न मनासिव ठहरिएमा मूल दर्ता समितिको बैठकमा पेश गरी दर्ता प्रमाणपत्र जारी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र मूल दर्ता समितिको बैठकको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले समिति दर्ता गरिदिनु पर्नेछ।

७. यस वुदाँ अन्तर्गत दिइने प्रमाणपत्रको ढाचाँ अनुसूची-४ बमोजिम हुनेछ।

**४७. दर्ता दस्तुरः** दर्ता भएको समिति प्रत्येक आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र नविकरण गर्नु प्रर्नेछ । दर्ता दस्तुर रु १,०००।-(एक हजार ) ,नविकरण दस्तुर वार्षिक रु ५००।-

(पाँच सय ), तिर्नु पर्नेछ । समितिले तोकेको समयमा नविकरण नगरेमा जरिवाना दस्तुर प्रति महिना रु.२००।-(दुई सय रुपैंया ) थप लाग्नेछ।

## परिच्छेद-५

## सर्वेक्षण अनुमतिपत्र सम्बन्धि व्यवस्था

**४८. सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनु पर्ने –**

१. कुनै स्रोतको सर्वेक्षण गर्न चाहने व्यक्ति वा (३ ) गठित समितिले अनुमतिपत्रको लागि पाँच सय रुपैयाँ दस्तुर सहित अनुसूची–५ बमोजिमको ढाँचामा समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

२. उपवुदाँ (१) बमोजिम दरखास्त प्राप्त भएमा समितिले सो सम्बन्धमा आवश्यक जाचँबुझ गर्नेछ र त्यसरी जाचँबुझ गर्दा थप कागजात माग गर्नु पर्ने देखिएमा दरखास्त परेको मितिले पन्ध्र दिनभित्र दरखास्तवालालाई सो कुराको सूचना दिनु पर्नेछ।

३. उपवुदाँ (२) बमोजिम समितिले दिएको सूचना बमोजिम दरखास्तवालाले थप कागजात पेश गरेको मितिलाई नै ऐनको दफा ८ को उपदफा (२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ।

**४९. सर्वेक्षण अनुमतिपत्र दिनु पर्ने –** वुदाँ ४८ बमोजिम प्राप्त हुन आएको दरखास्त र सो साथ संलग्न कागजात जाचँबुझ गर्दा दरखास्तवालालाई सर्वेक्षण अनुमतिपत्र दिन उपयुक्त देखिएमा समितिले अनुसूची–६ बमोजिमको ढाचाँमा स्रोत सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ।

**५०. स्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त दिनु पर्ने –**

१. स्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित समितिले अनुमतिपत्रको लागि एक हजार रुपैयाँ दस्तुर सहित अनुसूची– ७ बमोजिमको ढाँचामा समिति समक्ष दरखास्त दिनु पर्नेछ।

२. उपवुदाँ (१) बमोजिम दरखास्त प्राप्त भएमा समितिले सो सम्बन्धमा आवश्यक जाचँबुझ गर्नेछ र त्यसरी जाचँबुझ गर्दा थप कागजात माग गर्नु पर्ने देखिएमा दरखास्त परेको मितिले पन्ध्र दिनभित्र दरखास्तवालालाई सो कुराको सूचना दिनु पर्नेछ।

३. उपवुदाँ (२) बमोजिम समितिले दिएको सूचना बमोजिम दरखास्तवालाले थप कागजात पेश गरेको मितिलाई नै ऐनको दफा ८ को उपदफा (२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ।

**५१. सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्ने –**

१. वुदाँ ५० बमोजिम दरखास्त प्राप्त भएपछि समितिले सो दरखास्त सम्बन्धमा आवश्यकता अनुसार जाचँबुझ गरी तत् सम्बन्धी विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।

२. उपवुदाँ (१) बमोजिम सूचना प्रकाशन भएपछि परियोजनाको विकास तथा संचालन गर्दा उल्लेखनीय कुनै प्रतिकूल प्रभाव पर्ने देखिएमा तत् सम्बन्धी विवरण खुलाई त्यसरी सूचना प्रकाशन भएको मितिले पैंतीस दिनभित्र समिति समक्ष सुझाव दिन सकिनेछ ।

३. उपवुदाँ (२) बमोजिम प्राप्त भएको सुझावलाई समेत विचार गरी समितिले त्यस्तो उल्लेखनीय प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालन गर्नु पर्ने कुराहरु अनुमतिपत्र दिंदा तोकि दिनेछ ।

**५२. स्रोत उपयोग गर्न अनुमतिपत्र दिनु पर्नेः** वुदाँ ५० बमोजिम प्राप्त भएको दरखास्त, सो साथ संलग्न कागजात जाचँबुझ र वुदाँ ५१ बमोजिम प्राप्त भएका सुझावहरु अध्ययन गर्दा दरखास्तवालालाई स्रोत उपयोगको अनुमतिपत्र दिन उपयुक्त देखिएमा समितिले अनुसूची–६ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

**५३. दोहोरो अनुमतिपत्र नदिइनेः**

१. वुदाँ ४९ बमोजिम कुनै व्यक्ति वा संगठित समितिलाई स्रोत सर्वेक्षण गर्न अनुमतिपत्र दिई सकेपछि सो अनुमतिपत्रको अवधिभर सोही क्षेत्रमा सोही कामको लागि सर्वेक्षण गर्न पाउने गरी अन्य कुनै व्यक्ति वा संगठित समितिलाई सर्वेक्षण गर्न दोहोरो अनुमतिपत्र दिइने छैन ।

२. वुदाँ ५२ बमोजिम स्रोत उपयोग गर्न कुनै व्यक्ति वा संगठित समितिलाई अनुमतिपत्र दिई सकेपछि सो अनुमतिपत्रको अवधिभर सो अनुमतिपत्र प्राप्त व्यक्तिले उपयोग गर्ने पानीको परिमाणमा कटौती हुने गरी अन्य व्यक्ति वा संगठित समितिलाई सोही स्रोत उपयोग गर्न पाउने गरी दोहोरो अनुमतिपत्र दिइने छैन ।

**५४. काम शुरु गर्नु पर्ने –**

१. अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित काम अनुमतिपत्र प्राप्त गरेको तीन महिनाभित्र शुरु गर्नु पर्नेछ ।

२. प्राप्त व्यक्तिले उपवुदाँ (१) बमोजिमको म्यादभित्र काम शुरु गर्न नसकेमा त्यसको मनासिव कारण सहित म्याद थपको लागि समिति समक्ष निवेदन दिन सक्नेछ र सो निवेदन उपर जाँचबुझ गर्दा म्याद थप गर्नु पर्ने कारण मनासिव देखिएमा समितिले बढीमा तीन महिनासम्मको म्याद थप गर्न सक्नेछ ।

**५५. समिति समक्ष प्रतिवेदन पेश गर्नेः** अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेख भए बमोजिमको कामको प्रतिवेदन प्रत्येक तीन महिनामा समिति समक्ष पेश गर्नु पर्नेछ ।

**५६. स्रोत उपर अधिकार कायम रहने –** वुदाँ ५२ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा उल्लिखित हदसम्मको परिमाण बराबरको पानीको स्रोतमा त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिको अधिकार कायम रहनेछ ।

**५७. अनुमतिपत्रको नवीकरण –**

१. वुदाँ ५२ बमोजिम पाएको अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा अगावै अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र नवीकरणको लागि पाँच सय रुपैयाँ दस्तुर सहित समिति समक्ष निवेदन दिनु पर्नेछ ।

२. उपवुदाँ (१) बमोजिम अनुमतिपत्र नवीकरण नगरेमा त्यसको मनासिव कारण खुलाई अनुमतिपत्र बहाल रहने अवधि समाप्त भएको मितिले पैंतीस दिनभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले समिति समक्ष निवेदन दिन सक्नेछ र यसरी दिएको निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा समितिले अनुमतिपत्र नवीकरण गर्न सक्नेछ ।

**५८. अनुमतिपत्रको बिक्री वा हस्तान्तरण –**

१. अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले पाएको अनुमतिपत्र बिक्री वा अन्य तवरले हस्तान्तरण गर्न चाहेमा समिति समक्ष निवेदन दिनु पर्नेछ।

२. उपवुदाँ (१) बमोजिम निवेदन प्राप्त भएमा समितिले सो निवेदन उपर आवश्यक जाचँबुझ गरी अनुमतिपत्र खरिद गर्ने वा लिने व्यक्ति वा संगठित समितिको आर्थिक स्थिति समेत विचार गर्दा अनुमतिपत्र बिक्री वा हस्तान्तरण गर्ने स्वीकृति दिन हुने देखिएमा समितिले आवश्यक शर्तहरु तोकी अनुमतिपत्र बिक्री वा अन्य तवरले हक हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

**५९. अनुमतिपत्रमा संशोधन गर्नु परेमाः**

१. अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले पाएको अनुमतिपत्रमा उल्लेखित कुनै कुरा संशोधन गर्न चाहेमा समिति समक्ष निवेदन दिन सक्नेछ ।

२. उपवुदाँ (१) बमोजिम निवेदन परेमा समितिले सो सम्बन्धमा आवश्यक जाचँबुझ गर्नेछ र त्यसरी जाचँबुझ गर्दा व्यहोरा मनासिव देखेमा अनुमतिपत्रमा संशोधन गरी दिनेछ ।

**६०. स्रोत उपयोग गरे बापत बुझाउनु पर्ने शुल्कः** अनुमतिपत्र प्राप्त व्यक्तिले स्रोतको उपयोग गरे बापत प्रत्येक वर्ष रामपुर नगरपालिकामा पाचँ हजार रुपैयाँ शुल्क बुझाउनु पर्नेछ ।

**६१. स्रोत उपयोग विवाद निरुपण समितिः**

१. उपभोक्ता समितिले विकास तथा संचालन गर्ने परियोजनाको स्रोत उपयोगको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु भएको एक स्रोत उपयोग विवाद निरुपण समिति रहनेछः

(क) नगर प्रमुख– अध्यक्ष

(ख) उपप्रमुख– सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत– सदस्य

(घ) कार्यपालिका सदस्य ३ जना – सदस्य

(ङ)अधिकृतस्तरको कर्मचारी – सदस्य सचिव

२. दुई वा दुई भन्दा बढी ठाउँमा रहेको एउटै स्रोतको उपयोग सम्बन्धमा विवाद उत्पन्न भएमा उपवुदाँ (१) बमोजिमको समितिमा स्रोत उपयोग सम्बन्धमा दरखास्त नपरेको नगर खानेपानी समितिको प्रतिनिधि र उपवुदाँ (२) बमोजिमको समितिमा स्रोत उपयोग सम्बन्धमा विवाद परेको नगर खानेपानी समितिका प्रतिनिधि समेत सदस्य रहने छन्।

**६२. स्रोत उपयोग सम्बन्धमा उजूरी गर्न सक्नेः**

१. कुनै स्रोतको उपयोगबाट कसैलाई मर्का पर्ने भएमा मर्का पर्ने व्यक्ति वा संगठित समितिले त्यसको कारण खुलाई स्रोत उपयोग विवाद निवारण समिति समक्ष उजूरी गर्न सक्नेछ।

२. उपवुदाँ (१) बमोजिम उजूरी परेमा स्रोत उपयोग विवाद निरुपण समितिले स्रोत उपयोग गर्ने परियोजनाको स्थलगत निरीक्षण गरी अन्य कुराहरुको अतिरिक्त देहायका विषयमा जानकारी लिनु पर्नेछः

क) परियोजनाको कुल लागत खर्च,

ख) परियोजनाबाट लाभान्विन हुने उपभोक्ताहरुको समिति,

ग) परियोजना सम्बन्धमा स्थानीय समुदायको आवश्यकता र जन चाहना,

घ) दैनिक उपयोग गरिने खानेपानीको परिमाण,

ङ) परियोजना संचालन गर्दा अन्य व्यक्ति वा समुदायलाई पर्न गएको असर र उनीहरुको प्रतिकृया, र

च) वातावरणमा पर्न जाने प्रतिकूल असर।

३. उपवुदाँ (२) बमोजिमको जानकारी लिई सकेपछि स्रोत उपयोग विवाद निरुपण समितिले स्रोतको उपयोगको सम्बन्धमा परेको उजूरी छानविन गरी आवश्यक निर्णय गर्नेछ।

**६३. गुणस्तर कायम राख्नु पर्नेः** ऐनको दफा १८ बमोजिम खानेपानीको लागि निर्धारण गरेको गुणस्तर पानी आपूर्तिकर्ताले उपभोक्ता लाई उपलब्ध गराउने खानेपानीमा कायम राख्नु पर्नेछ।

**६४. स्रोतलाई प्रदुषित बनाउन नहुनेः** पानी आपूर्तिकर्ताले स्रोतमा प्रदुषण हुने गरी संरचनाको निर्माण गर्न तथा अन्य कुनै प्रकारको कार्यहरु गर्नु हुदैंन।

**६५. वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुनेः** पानी आपूर्तिकर्ताले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी संरचनाको निर्माण गर्न तथा अन्य कुनै प्रकारको कार्यहरु गर्नु हुदैंन।

**६६. परियोजनाको मर्मतः**

१. पानी आपूर्तिकर्ताले आफ्नै स्रोत र साधनको प्रयोग गरी परियोजनाको सामान्य मर्मत गर्नु पर्नेछ।

२. पानी आपूर्तिकर्ताले आफ्नै स्रोत र साधनले मात्र परियोजनाको सामान्य मर्मत गर्न नसक्ने भएमा नगरपालिकासँग आर्थिक सहयोग र खानेपानी शाखासँग आवश्यक प्राविधिक सहयोग माग गरी परियोजनाको सामान्य मर्मत गर्नु पर्नेछ।

३. पानी आपूर्तिकर्ताले परियोजनाको ठूलो मर्मत गर्नु पर्ने भएमा अदक्ष जनशक्ति र स्थानीय निर्माण सामग्री बालुवा, ढुङ्गा, गिटी आदि उपभोक्ता समिति मार्फत उपलब्ध गराई परियोजनाको मर्मत गर्नुपर्नेछ। मर्मतको लागि दक्ष जनशक्ति, अन्य निर्माण सामग्री र प्राविधिक सहयोग नै चाहिने भएमा पानी आपूर्तिकर्ताले दक्ष जनशक्ति र निर्माण सामग्रीहरु सम्बन्धित नगरपालिकाबाट र प्राविधिक सहयोग खानेपानी शाखासँग माग गरी परियोजनाको मर्मत गर्नु पर्नेछ।

४. उपवुदाँ (३) बमोजिम सम्बन्धित परियोजनाको ठूलो मर्मत हुन नसक्ने भएमा पानी आपूर्तिकर्ताले त्यसको विस्तृत विवरण सहितको जानकारी सम्बन्धित नगरपालिकाको कार्यालयलाई दिनु पर्नेछ।

५. उपवुदाँ (४) बमोजिमको जानकारी प्राप्त भएपछि नगरपालिकाको कार्यालयले निरीक्षकद्वारा परियोजनाको सम्बन्धमा आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गराई आवश्यक निर्देशन दिई परियोजनाको ठूलो मर्मत सम्भारको लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

६. उपवुदाँ (१), (२), (३), (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र प्राप्त व्यक्तिले संचालन गरेको परियोजनाको सम्पूर्ण मर्मत आफैले गर्नु पर्नेछ।

*स्पष्टीकरण यस कार्यविधि को प्रयोजनको लागि,–*

क) "सामान्य मर्मत" भन्नाले संरचनाबाट हुने खानेपानीको चुहावट रोकथाम गर्ने, जमिनमा गडिएका पाइपहरु सतहमा देखिएमा पुर्ने, संरचनाको सरसफाई गर्ने, इन्टेक, जलाशय, च्याम्वर, धारा आदि विग्रिएमा जिर्णोद्वार गर्ने तथा धाराको टुटी, भल्भ आदि फेर्ने कार्य सम्झनु पर्छ।

ख) "ठूलो मर्मत" भन्नाले दैवी प्रकोपबाट संरचना भत्किई वा अन्य कुनै किसिमले आकस्मिक रुपमा क्षति भएमा गरिनु पर्ने सामान्य मर्मत बाहेकका अन्य मर्मत सम्भार सम्बन्धी कार्य सम्झनु पर्छ।

**६७. सेवा उपलब्ध गराउने आधारः** पानी आपूर्तिकर्ताले सेवा उपलब्ध गराउँदा देहायका विषयलाई आधार बनाउनेछः

क) भौगोलिक स्थिति,

ख) जनसंख्या,

ग) स्रोतमा उपलब्ध हुन सक्ने पानीको परिमाण,

घ) संरचनाको क्षमता,

ङ) अन्य प्राविधिक कुराहरु ।

**६८. सेवा उपयोग गर्न प्राथमिकता दिनेः**

१. पानी आपूर्तिकर्ताले वुदाँ ६७ बमोजिम निर्धारित आधारहरुको अधीनमा रही देहायका उपभोक्तालाई सेवा उपयोग गर्न प्राथमिकता दिनेछः

क) स्वास्थ्य चौकी, अनाथालय, बृद्धाश्रम तथा सामाजिक समिति,

ख) बाढी, आगलागी, महामारी रोग व्याधी फैलिई वा त्यस्तै अन्य कुनै प्राकृतिक वा दैवी प्रकोपको कारणले अस्थायी रुपमा खडा गरिएको शिविर,

ग) विद्यालय, छात्रावास, प्रहरी चौकी, सरकारी, अर्ध सरकारी वा गैर सरकारी कार्यालय तथा त्यस्तो कार्यालयको कर्मचारीको आवास गृह,

घ) सर्वसाधारण नागरिकको आवास गृह,

ङ) जरुरी सार्वजनिक महत्वको निर्माण कार्य,

च) उद्योग तथा कारखाना भए त्यस्तो उद्योग र कारखानामा काम गर्ने कामदारहरु ।

२. उपवुदाँ (१) मा लेखिए देखि बाहेक सेवा उपलब्ध गराउने प्राथमिकताको क्रम निर्धारण गर्दा पानी आपूर्तिकर्ताले सम्बन्धित नगरपालिका खानेपानी समितिसँग आवश्यक परामर्श गर्नेछ ।

**६९. उपभोक्ता हुनको लागि दरखास्त दिनु पर्नेः**

१. पानी आपूर्तिकर्ताबाट सेवा उपयोग गर्न चाहने व्यक्ति वा निकायले पानी आपूर्तिकर्ताले तोकिदिएको ढाँचामा पानी आपूर्तिकर्ता समक्ष दरखास्त दिनु पर्नेछ ।

२. उपवुदाँ (१) बमोजिम दरखास्त प्राप्त भएपछि पानी आपूर्तिकर्ताले दरखास्तवालाको माग बमोजिम सेवा उपलब्ध गराउन सकिने नसकिने सम्बन्धमा प्राविधिक तथा अन्य आवश्यक कुराहरुको जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा सेवा उपलब्ध गराउन सकिने भएमा सेवा उपलब्ध गराउँदा लाग्ने लागत रकमको इष्टमेट गरी रकम जम्मा गर्न दरखास्तवालालाई म्याद सहितको सूचना गर्नेछ ।

३. उपवुदाँ (२) बमोजिम दिइएको म्याद सहितको सूचना अनुसार दरखास्तवालाले रकम जम्मा गरेमा पानी आपूर्तिकर्ताले त्यस्तो व्यक्तिको नाम उपभोक्ताको सूचीमा समावेश गराई निजलाई सेवा उपलब्ध गराउनु पर्नेछ ।

४. उपवुदाँ (२) बमोजिम जाचँबुझ गर्दा दरखास्तवालालाई सेवा उपलब्ध गराउन नसकिने भएमा त्यसको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनु पर्नेछ ।

५. उपवुदाँ (४) बमोजिम पानी आपूर्तिकर्ताको निर्णय उपर चित्त नबुझ्ने दरखास्तवालाले नगर खानेपानी समिति समक्ष उजूरी दिन सक्नेछ ।

६. उपबदाँ (५) बमोजिम उजूरी प्राप्त भएपछि नगर खानेपानी समिति सो उजूरी उपर आवश्यक जाचँबुझ गरी उपयुक्त आदेश दिन सक्नेछ र त्यस्तो आदेश सम्बन्धित पानी आपूर्तिकर्ता र उजूरीकर्ता दुवैलाई मान्य हुनेछ ।

**७०. शर्तहरु तोक्नेः**

१. पानी आपूर्तिकर्ताले उपभोक्तालाई सेवा उपलब्ध गराउँदा ऐन, यस नियमावली तथा ऐनको दफा ११ बमोजिम रामपुर नगरपालिकाले हस्तान्तरण गरेको परियोजना भए परियोजना हस्तान्तरण गर्दा रामपुर नगरपालिकाले तोकेको शर्तहरु विपरीत नहुने गरी आवश्यक शर्तहरु तोक्न सक्नेछ।

२. उपवुदाँ (१) बमोजिम पानी आपूर्तिकर्ताले शर्तहरु तोक्दा नगर खानेपानी समिति आवश्यक परामर्श गर्नु पर्नेछ ।

**७१. सेवा कटौती गर्न सक्नेः**

१. संरचनाको क्षमता भन्दा बढी परिमाणमा खानेपानीको माग भई माग अनुसारको सेवा उपलब्ध गराउन नसक्ने अवस्था भएमा पानी आपूर्तिकर्ताले वुदाँ ६८ बमोजिम निर्धारित प्राथकिताको क्रमको आधारमा उपभोक्ताहरुलाई आंशिक वा पूर्ण रुपमा सेवामा कटौती गर्न सक्नेछ ।

२. उपवुदाँ (१) बमोजिम सेवा कटौती गर्दा नगर खानेपानी समितिसँग परामर्श गर्नु पर्नेछ ।

**७२. सेवा बन्द गर्न सक्नेः** देहायका अवस्थामा पानी आपूर्तिकर्ताले उपभोक्तालाई प्रदान गरेको सेवा बन्द गर्न सक्नेछः

क) उपभोक्ताले सेवा उपयोग गरे बापत बुझाउनु पर्ने सेवा शुल्क नबुझाएमा शुल्क नबुझाएसम्म,

ख) उपभोक्ताले पानी आपूर्तिकतासँग गरेको सम्झौतामा उल्लिखित कुनै शर्त उल्लंघन गरेमा त्यस्तो शर्त पूरा नगरेसम्म,

ग) संरचना क्षतिग्रस्त भएमा वा हुने संभावना भएमा आवश्यक मर्मत सम्भार नगरेसम्म,

घ) स्रोत वा संरचनाको पानी प्रदुषित भई वा अन्य कुनै कारणले स्वास्थ्यको दृष्टिकोणले उपयोगी नभएसम्म ।

**७३. सूचना दिनु पर्नेः** वुदाँ ७१ र वुदाँ ७२ को खण्ड (ग) र (घ) बमोजिमको कारणबाट उपभोक्तालाई तत्कालै सेवा उपलब्ध गराउन नसकिने अवस्था परेकोमा बाहेक अन्य कुनै कारणबाट सेवा बन्द गर्नु परेमा पानी आपूर्तिकर्ताले कम्तीमा पन्ध्र दिन अगावै सो कुराको सूचना सार्वजनिक रुपमा प्रकाशन गरी त्यसको जानकारी सम्बन्धित व्यक्ति वा निकायहरुलाई दिनु पर्नेछ ।

**७४. उपभोक्ताको कर्तव्यः**उपभोक्ताको कर्तव्य देहाय बमोजिम हुनेछः

क) आफूले सेवा उपयोग गरे वापत पानी आपूर्तिकर्ताले तोके बमोजिमको सेवा शुल्क समयमा नै पानी आपूर्तिकर्तालाई बुझाउने,

ख) कसैले सेवा अनाधिकृत रुपमा दुरुपयोग गरेको वा खानेपानीको चुहावट गरेको वा त्यस्तो किसिमको कृयाकलाप अन्यत्र गरेको वा गर्न लागेको कुरा थाहा हुन आएमा तत्कालै पानी आपूर्तिकर्तालाई सूचना दिने,

ग) उपभोक्ता समितिले विकास गरेको संरचनाको मर्मत, सम्भार तथा सुरक्षाको कार्यमा पानी आपूर्तिकर्तालाई आवश्यक सहयोग गर्ने।

**७५. उपभोक्ताले गर्न नहुने कार्यः**

१. उपभोक्ताले देहाय बमोजिमका कार्यहरु गर्नु हुंदैनः–

क) उपवुदाँ ७४ विपरीत कुनै काम गर्न,

ख) सेवाको अनाधिकृत रुपमा दुरुपयोग गर्न वा खानेपानीको चुहावट गर्न वा त्यस्तो किसिमको अन्य कृयाकलाप गर्न,

ग) उपयोग गरिरहेको खानेपानीको लाइनबाट अन्य व्यक्तिलाई अलग्गै त्यस्तो लाइन दिन,

घ) धारा जडान गर्दा जडान गरिएको जल उपयोग मापक यन्त्र र त्यसमा लगाइएको सिल तोड्न र बिगार्न ।

२. कुनै उपभोक्ताले उपवुदाँ (१) विपरीत कुनै काम गरेमा पानी आपूर्तिकर्ताले त्यस्तो उपभोक्तालाई प्रदान गरेको सेवा कटौती गर्न सक्नेछ ।

**७६. सेवा शुल्क निर्धारण समितिः**

१. अनुमतिपत्र प्राप्त व्यक्तिले विकास तथा संचालन गरेको परियोजनाबाट उपभोक्ताले सेवा उपयोग गरे वापत बुझाउनु पर्न सेवा शुल्कको दर निर्धारण गर्न देहाय बमोजिमको एक सेवा शुल्क निर्धारण समितिको गठन हुनेछः

क) नगर प्रमुख– अध्यक्ष

ख) खानेपानी उपभोक्ता समितिहरुमध्येबाट अध्यक्षले तोकेको १ जना– सदस्य

ग) उपभोक्ताहरु मध्ये नगर प्रमुखले तोकेको १ जना महिला सहित २ जना – सदस्य

घ) सामाजिक विकास समिति– सदस्य सचिव

२. उपवुदाँ (१) बमोजिमको समितिले सेवा शुल्कको दर निर्धारण गर्दा परियोजनाको लागत, संरचनाको संचालन तरिका, सेवाको किसिम, मर्मत सम्भारमा लाग्ने खर्च, उपभोक्ताको संख्या, वार्षिक आम्दानी ह्रास कट्टी दर, उपयुक्त लाभ, मूल्य सूचीको परिवर्तन आदि कुराहरुको आधारमा गर्नेछ ।

३. उपवुदाँ (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समितिले विकास तथा संचालन गरेको वा ऐनको दफा ११ बमोजिम नेपाल सरकारले हस्तान्तरण गरेको परियोजनाबाट उपभोक्ताले सेवा उपयोग गरे बापत बुझाउनु पर्ने सेवा शुल्क सम्बन्धित पानी आपूर्तिकर्ताले निर्धारण गरे बमोजिम हुनेछ ।

४. उपवुदाँ (३) बमोजिम सेवा शुल्क निर्धारण गर्दा पानी आपूर्तिकर्ताले परियोजनाको संचालन तथा मर्मत सम्भार गर्दा लाग्ने लागत नगर खानेपानी समितिको प्राविधिक सहयोग लिई सेवा शुल्कको दर निर्धारण गर्नु पर्नेछ ।

७७. **नगद, जिन्सी वा जनश्रमबाट सेवा शुल्क उठाउन सक्ने** दफा ७६ को उपवुदाँ (३) बमोजिम पानी आपूर्तिकर्ताले निर्धारण गरेको सेवा शुल्क पानी आपूर्तिकर्ताले उपभोक्तासँग नगद, जिन्सी वा जनश्रमदानको माध्यमबाट पनि उठाउन सक्नेछ ।

७८. **सेवा शुल्क बुझाउने तरिका र म्यादः**

१. उपभोक्ताले सेवा शुल्क बुझाउने तरिका र म्याद पानी आपूर्तिकर्ताले तोकिदिए बमोजिम हुनेछ ।

२. पानी आपूर्तिकर्ताले उपभोक्तासँग सेवा शुल्क लिए पछि त्यसको रसिद दिनु पर्नेछ ।

७९. **विलम्व शुल्कः**

१. उपभोक्ताले पानी आपूर्तिकर्ताले निर्धारण गरेको समयमा सेवा शुल्क नबुझाएमा विलम्व शुल्क बुझाउनु पर्नेछ ।

२. उपवुदाँ (१) बमोजिम बुझाउनु पर्ने विलम्व शुल्कको रकम अनुमतिपत्र प्राप्त व्यक्तिले संचालन गरेको परियोजनाको हकमा दफा बमोजिम गठित समिति र उपभोक्ता समितिले संचालन गरेको परियोजनाको हकमा सम्बन्धित पानी आपूर्तिकर्ताले तोके बमोजिम हुनेछ।

८०. **खानेपानीको परिमाण नाप गर्ने इकाईः** सेवा शुल्क दर निर्धारण गर्ने प्रयोजनको लागि वुदाँ ६८ बमोजिम गठित सेवा शुल्क निर्धारण समितिले खानेपानीको परिमाण ( घनमिटर÷हजार लिटर प्रति महिना) बमोजिम कायम गर्नु पर्नेछ ।

८१. **जल उपयोग मापक यन्त्र जडान गर्नेः**

१. पानी आपूर्तिकर्ताले सेवा शुल्क निर्धारण गर्ने प्रयोजनको लागि उपभोक्ताले उपयोग गर्ने खानेपानीको परिमाणको नाप गर्न प्रत्येक उपभोक्ताको धारामा आवश्यक सिल लगाई जल उपयोग मापक यन्त्र जडान गरी दिनु पर्नेछ ।

२. उपवुदाँ (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थितिमा वा सरलीकरणको लागि पानी आपूर्तिकर्ताले जल मापक यन्त्र जडान नगरेर पनि उपभोक्तालाई सेवा उपलब्ध गराउन सक्नेछ ।

३. उपवुदाँ (१) बमोजिम जडान भएको जल उपयोग मापक यन्त्र बिग्रिएमा, नासिएमा वा अरु कुनै कारणबाट काम नलाग्ने भई उपयोग गरेको पानीको परिमाणमा नाप गर्न नसक्ने भएमा उपभोक्ताले सो कुराको सूचना यथाशक्य छिटो पानी आपूर्तिकर्तालाई दिनु पर्नेछ ।

४. उपवुदाँ (३) बमोजिम सूचना प्राप्त हुन आएमा पानी आपूर्तिकर्ताले यथाशक्य छिटो सम्बन्धित उपभोक्ताको धारामा जडान गरिएको जल उपयोग मापक यन्त्रको मर्मत सम्भार गर्न वा त्यस्तो धारामा नयाँ जल उपयोग मापक यन्त्र जडान गरिदिनु पर्नेछ ।

५. खानेपानी उपयोग मापक यन्त्रमा पानी आपूर्तिकर्ताले लगाइएको सिल पानी आपूर्तिकर्ताको तर्फबाट खटिई आएको व्यक्ति बाहेक अन्य व्यक्तिले फेर्न वा खोल्न हुंदैन ।

**८२. क्षतिपूर्ति निर्धारण समितिः**

१. ऐनको दफा १५ को प्रयोजनको लागि क्षतिपूर्ति निर्धारण गर्न सम्बन्धित नगर प्रमुखको एक क्षतिपूर्ति

२. उपवुदाँ (१) बमोजिमको समितिले सम्बन्धित जग्गाको धनीलाई वास्तविक रुपमा पर्न गएको हानि नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ ।

३. बमोजिम क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरेको क्षतिपूर्ति दुवै पक्षलाई मान्य हुनेछ ।

४. उपवुदाँ (२) बमोजिम क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरेको क्षतिपूर्तिको रकम अनुमतिपत्र प्राप्त व्यक्तिले सम्बन्धित व्यक्तिलाई तीस दिनभित्र दिनु पर्नेछ ।

**८३. अरुको घर जग्गाको उपयोग वा प्राप्तिको लागि दरखास्त दिनेः**

१. ऐनको दफा १६ को उपवुदाँ (१) बमोजिम स्रोत उपयोगको लागि कसैको घर जग्गा उपयोग वा प्राप्त गर्नु परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले अनुसूची–७ बमोजिमको ढाचाँमा रामपुर नगरपालिका कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

२. उपवुदाँ (१) बमोजिम निवेदन परेमा नगरपालिकाले सो निवेदन सम्बन्धमा आवश्यक जाचँबुझ गर्नेछ र जाचँबुझ गर्दा निवेदकको माग बमोजिमको घर जग्गा उपलब्ध गराई दिन आवश्यक देखिएमा प्रचलित कानून बमोजिम संगठित समितिलाई घर जग्गा उपलब्ध गराई दिए सरह निवेदकलाई घर जग्गा उपलब्ध गराई दिनेछ ।

**८४.प्रयोग गर्न निषेध गरिएको घर जग्गाको क्षतिपूर्तिः**

१. ऐनको दफा १६ को उपवुदाँ (३) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजनाको विकास वा उपयोग सम्बन्धी कुनै निर्माण कार्य गरी नेपाल सरकारले त्यस्तो निर्माण कार्यको सुरक्षाको लागि आवश्यक पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानिनोक्सानी वापत अनुमतिपत्र प्राप्त व्यक्तिले सम्बन्धित व्यक्तिलाई क्षतिपूर्ति दिनु पर्नेछ ।

२. उपवुदाँ (१) बमोजिम दिइने क्षतिपूर्तिको निर्धारण र तत्सम्बन्धी अन्य व्यवस्था उपवुदाँ ८३ बमोजिम हुनेछ ।

**८५. निरीक्षकः**

१. परियोजनाको निरीक्षण गर्न नगर खानेपानी समितिले निरीक्षक तोक्न सक्नेछ ।

२. उपवुदाँ (१) बमोजिम तोकिएको निरीक्षकले परियोजनाको समय समयमा निरीक्षण गरी देहायका विषयहरुमा पानी आपूर्तिकर्तालाई आवश्यक आदेश तथा निर्देशन दिई सोको जानकारी नगर खानेपानीदिनु पर्नेछः

क) स्रोतको भौतिक सुरक्षा तथा प्रतिकूल वातावरणीय असरबाट संरक्षण,

ख) संरचनाको निर्माण, मर्मत, सम्भार तथा सुरक्षा,

ग) स्रोत तथा संरचनामा भएको खानेपानीको परिमाणको लगत राख्ने, खानेपानीको प्रवाह घटाउने, बढाउने तथा खानेपानीको अनधिकृत चुहावट र सेवाको दुरुपयोगबाट बचाउने,

घ) खानेपानीलाई प्रदुषण हुनबाट बचाउने तथा स्वास्थ्यकर बनाउने,

ङ) उपभोक्तालाई उपलब्ध गराउने सेवाको व्यवस्थापन, खानेपानीको आपूर्ति गर्ने लगायत अन्य प्राविधिक कुराहरु ।

३. उपवुदाँ (२) मा लेखिएदेखि बाहेक सेवा संचालन तथा उपयोग सम्बन्धमा नगर खानेपानी समिति सम्बन्धित पानी आपूर्तिकर्तालाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।

४. उपवुदाँ (२) वा (३) बमोजिम निरीक्षक नगर खानेपानी समितिले दिएको आदेश तथा निर्देशन सम्बन्धित पानी आपूर्तिकर्ताले पालना गर्नु पर्नेछ ।

**८६. उजूरी दिन सक्नेः**

१. सेवा उपयोग सम्बन्धमा पानी आपूर्तिकर्ताले दिएको निर्णयमा चित्त नबुझ्ने नगर खानेपानी समिति समक्ष उजूरी दिन सक्नेछ ।

२. उपवुदाँ (१) बमोजिम उजूरी प्राप्त हुन आएमा नगरपालिकासँग परामर्श गरी आवश्यक आदेश दिन सक्नेछ र त्यसरी दिएको आदेश सम्बन्धित पानी आपूर्तिकर्ता वा उपभोक्तालाई मान्य हुनेछ ।

**८७. अनुसूचीमा हेरफेरः** रामपुर नगरपालिकाले सूचना प्रकाशन गरी यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

**८८. निर्देशिका बनाई लागू गर्न सक्नेः** पानी आपूर्तिकर्ताले उपभोक्तालाई सेवा उपलब्ध गराउने विषयमा कार्यविधिको विपरीत नहुने गरी आवश्यकता अनुसार निर्देशका बनाई लागू गराउन सक्नेछ ।

## अनुसूची–१
## (बुदा न ५ सँग सम्बन्धित)
## उपभोक्ता समिति दर्ताको लागि दिइने दरखास्त

श्री नगर प्रमुख ज्यू,
नगर जलस्रोत समिति

उपभोक्ता समिति दर्ता गर्नको लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु ।

१. उपभोक्ता समितिको नाम र ठेगानाः–
२. उपभोक्ता समितिको उद्देश्यः–
३. स्रोत रहेको स्थानः–
४. उपयोग गर्ने पानीको परिमाणः–
५. परियोजना शुरु गर्न लाग्ने समयः–
६. परियोजना सम्पन्न गर्दा लाग्ने अनुमानित खर्चः–
७. रामपुर नगरपालिकाले विकास गरी हस्तान्तरण गर्ने परियोजना भए सो परियोजनाको नाम र तत् सम्बन्धी अन्य विवरणः–
८. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः–
   क) परियोजना सम्बन्धी विस्तृत विवरण उल्लेख भएको कागजात ।
   ख) परियोजनाको लागि कुनै समितिबाट आर्थिक सहायता व्यहोरिने भए सो सम्बन्धमा त्यस्तो समितिले व्यक्त गरेको प्रतिबद्धता र तत् सम्बन्धी कागजातः–

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| **नाम** | **पद** | **हस्ताक्षर** |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

## अनुसूची–२

**(वुदाँ ६ को उपवुदाँ (१) सँग सम्बन्धित)**

**उपभोक्ता समितिको दर्ता प्रमाणपत्र**

श्री..............................

..............................

महाशय,

तपाईले मिति ...........................मा दिएको दरखास्त बमोजिम उपभोक्ता समिति दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

१. उपभोक्ता समितिको नाम र ठेगानाः–

२. उपभोक्ता समितिको उद्देश्यः–

३. उपभोक्ता समिति सञ्चालन गर्ने परियोजनाको नामः–

४. परियोजनाको स्रोतः–

५. स्रोत रहेको स्थानः–

६. उपयोग गर्न पाउने पानीको परिमाणः–

७. उपभोक्ता समितिको कार्य क्षेत्रः–

८. परियोजना शुरु गर्नु पर्ने अवधिः–

९. समिति पालना गर्नु पर्ने शर्तहरुः–

(क)

(ख)

(ग)

(घ)

प्रमाणपत्र दिने अधिकारीको,–

सहीः–

नामः–

प्रमुख प्रशासकिय अधिकृत

रामपुर नगरपालिका कार्यालय

## अनुसूची-३
## (वुदाँ ४६ उपवुदाँ १ सँग सम्बन्धित)
## मुल दर्ता निवदेन पत्रको ढाँचा

श्रीमान अध्यक्ष ज्यू,
मूल दर्ता समिति
रामपुर नगरपालिका, रामपुर ।

महोदय,

हामीले ...................................... खानेपानी उपभोक्ता समिति गठन तथा मुल दर्ता कार्यविधि-२०७६ वुदाँ ४६ को उपवुदाँ (१) बमोजिम मुल दर्ता गराउन चाहेकोमा देहायको विवरण खुलाई प्रस्तावित मुल दर्ता समितिको एकप्रति विधान र एक हजार रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौ ।

१. मुल दर्ता समितिको नामः
२. कार्यक्षेत्रः
३. उद्देश्यहरुः (क) (ख)
४. सदस्यहरुको नाम ठेगाना पेशा र ना.प्रा.नं.
५. उपयोग गरिने जलस्रोतको विवरणः
क) जलस्रोतको गरिने नाम र रहेको ठाउँ
ख) जलस्रोतबाट गरिने प्रयोगः
ग) मुल दर्ता समितिले उपयोग गर्न चाहेको जलस्रोतको परिमाणः
घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोगः
६.मुल दर्ता समितिले पुराउन चाहेको सेवा सम्बन्धि विवरणः
क) सेवाको किसिमः
ख) सेवा पुराउने क्षेत्रः
ग) सेवाबाट लाभान्वित हुने उपभोत्ताहरुको संख्याः
घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः
७.आर्थिक स्रोतको विवरणः

८.कार्यालयको ठेगानाः निवदेक, उपभोक्ता समितिको तर्फबाट दरखास्त दिनेको

सहीः

नामः

पदः

ठेगानाः

नगरपालिकाले भर्नु पर्नेः

पानीको अवस्था पिउनयोग्य छ/छैन ।अन्दाजी ................पानी छ ।मूल दर्ता गर्दा कुनै बाधा अड्चन छ/छैन ।

यस नगरपालिका अन्तर्गत को वडा नं ........मा दर्ता हुन लागेको मूल सार्वजनिक निजि सरकारी जग्गामा रहेको छ । साथै उल्लेखित परियोजना संचालनको लागि आवश्यक मर्मत र संभारको कार्यहरुमा यस उपभोक्ता समितिको तर्फबाट पूर्ण सहयोग हुने जानकारी गराईन्छ ।

सिफारिस गर्ने पदाधिकिारीको, दस्तखतः प्रामाणित गर्नेको दस्तखतः

| प्राविधिक शाखा प्रमुख | योजना शाखा प्रमुख | प्रशासन अधिकृत |
|---|---|---|
| सहि | | |
| नाम | | |
| मिति | | |

## अनुसूची-४
## (वुदाँ ४६ को उपवुदाँ ७ सँग सम्बन्धित)
## मुल समिति दर्ता प्रमाणपत्र

रामपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, पाल्पा ।

दर्ता नम्बरः मितिः................

श्री (सम्बन्धित मुल दर्ता समितिको नाम).............................. खानेपानी उपभोक्ता समिति गठन तथा मुल दर्ता कार्यविधि- २०७६ को वुदाँ ४६ को उपवुदाँ (७) बमोजिम ...............साल.........महिना..........गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । खानेपानी तथा सरसफाई उपभोत्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

प्रमाणितकरण गर्नेकोः
दरखास्तः
नाम थरः
दर्जाः
पृष्ठ सख्याः
मितिः
कार्यालयको छापः

**सम्वत २०७६ साल कार्यपालिकाद्धारा पारित खानेपानी उपभोक्ता समिति गठन तथा मुल दर्ता कार्यविधि- २०७६ प्रमाणित गर्दछु ।**

................
रमण बहादुर थापा
नगर प्रमुख
रामपुर नगरपालिका, पाल्पा

## अनुसूची–५
### (वुदाँ ४८ को उपवुदाँ (१) सँग सम्बन्धित)
### स्रोत सर्वेक्षण गर्ने अनुमतिपत्रको लागि दिइने दरखास्त

श्री नगर प्रमुख ज्यू
नगर जलस्रोत समिति
……………..

खानेपानीको स्रोत सर्वेक्षण गर्न अनुमतिपत्रको लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु ।

१. व्यक्ति वा संगठित समितिको नाम र ठेगानाः–
२. उद्देश्यः–
३. सर्वेक्षण गर्न चाहेको स्रोतको नामः–
४. स्रोत रहेको स्थानः–
५. सर्वेक्षण गर्न लाग्दा लाग्ने अवधिः–
६. सर्वेक्षण गर्दा लाग्न जाने अनुमानित खर्चः–
७. अन्य विवरणः–
८. दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरुः
   क) स्रोतको सर्वेक्षण सम्बन्धमा आर्थिक, प्राविधिक र वातावरणीय मूल्याङ्कन सम्बन्धी प्रतिवेदन ।
   ख) स्रोत सर्वेक्षण गरिने स्थानको नक्सा ।
   ग) समिति भए सो समितिको विधानको एक प्रति ।
   घ) आवश्यक अन्य कागजात ।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।संगठित समिति भए त्यस्तो समितिको छाप

दरखास्त दिनेको,–
सहीः–
नामः–
ठेगानाः–
मितिः

**अनुसूची–६**
**(वुदाँ ४९ सँग सम्बन्धित )**
**स्रोत सर्वेक्षण गर्ने अनुमतिपत्र**

अनुमतिपत्र संख्या………………………

श्री ……………………………………………………

महाशय,

तपाईलाई देहाय बमोजिम खानेपानीको स्रोत सर्वेक्षण गर्न पाउने गरी यो अनुमतिपत्र दिइएको छ ।

१. अनुमतिपत्र प्राप्त व्यक्तिको नाम र ठेगानाः–
२.सर्वेक्षणको उद्देश्यः–
३. सर्वेक्षण गर्ने क्षेत्रः–
४.सर्वेक्षण शुरु गर्नु पर्ने समयः–
५.सर्वेक्षण समाप्त गर्नु पर्ने अवधिः–
६.अनुमतिपत्र बहाल रहने अवधिः–
७.अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरुः–
(क)
(ख)
(ग)
(घ)
(ङ)

अनुमतिपत्र दिने अधिकारीको,—
सहीः–
नामः–
पदः–
कार्यालयः–
मितिः–

**अनुसूची–७**
**(वुदाँ ५० को उपवुदाँ (१) सँग सम्बन्धित )**
**स्रोत उपयोग गर्ने अनुमतिपत्रको लागि दिइने दरखास्त**

श्री नगर प्रमुख ज्यू ,
नगर जलस्रोत समिति

खानेपानीको स्रोत उपयोग गर्ने अनुमतिपत्र पाउनको लागि देहायका कुराहरु खुलाई यो दरखास्त गरेको छु ।

१. व्यक्ति वा संगठित समितिको नाम र ठेगानाः–
२.उद्देश्यः–
३. उपयोग गर्न चाहेको स्रोतको नामः–
४.स्रोत रहेको अंचल ............... जिल्ला नगरपालिका .......... वडा नं. ..............
५.स्रोत उपयोग गर्ने पानीको परिमाणः–
६.स्रोत उपयोग गर्दा लाग्ने अनुमानित खर्चः–
७.स्रोत उपयोग गर्दा खर्च गर्ने आधारः–
८.स्रोत उपयोगबाट लाभान्वित हुने उपभोक्ता संख्या र कार्य क्षेत्रः–
९.अन्य विवरणहरुः–
१०.दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः–
क) स्रोतको उपयोग सम्बन्धमा आर्थिक, प्राविधिक र वातावरणीय सम्बन्धी प्रतिवेदन ।
ख) स्रोत उपयोग गर्ने ठाउँको नक्सा ।
ग) संगठित समिति भए सो समितिको विधानको एक प्रति ।
घ) आवश्यक अन्य कागजातहरु ।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला । संगठित समिति भए सो समितिको छाप

दरखास्त दिनेको
सहीः–
नामः–
ठेगानाः–
मितिः

## अनुसूची–८
## ( वुदाँ ५२ सँग सम्बन्धित)
## स्रोत उपयोग गर्ने अनुमतिपत्र

अनुमति पत्र सख्या मिति ……………………

श्री……………………….

………………………..

महाशय,

तपाईलाई देहाय बमोजिम खानेपानीको स्रोत सर्वेक्षण गर्न पाउने गरी यो अनुमतिपत्र दिइएकोछ ।

१. अनुमतिपत्र प्राप्त व्यक्तिको नाम र ठेगानाः–
२.स्रोत उपयोगको उद्देश्यः–
३. स्रोत उपयोग गर्ने क्षेत्रः–
४.स्रोत उपयोग गर्ने पानीको परिमाणः–
५.स्रोत उपयोग गर्ने सम्बन्धमा काम शुरु गर्नु पर्ने समयः–
६.अनुमतिपत्र बहाल रहने अवधिः–
७.अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरुः–
(क)
(ख)
(ग)
(घ)
(ङ)

अनुमतिपत्र दिने अधिकारीको,—
सहीः–
नामः–
पदः–
कार्यालयः–
मितिः–

**अनुसूची–९**
**(वुदाँ ८३ सँग सम्बन्धित)**
**अरुको घर जग्गा उपयोग वा प्राप्तिको लागि दिइने दरखास्त**

रामपुर नगरपालिका
रामपुर,पाल्पा।

श्री ..........................................

**विषयः घर जग्गाको उपयोग वा प्राप्ति सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा परियोजनाको विकास तथा संचालनको लागि देहायका घर जग्गा आवश्यक परेकोले प्रचलित कानून बमोजिम उक्त घर वा जग्गा प्राप्त गराई दिन देहायका विवरणहरु खुलाई यो दरखास्त गरेको छु ।

१. अनुमति प्राप्त व्यक्तिको नाम र ठेगानाः–
२. परियोजनाको नामः–
३. परियोजनाको सञ्चालन गर्ने क्षेत्रः–
४. परियोजनाबाट उपलब्ध हुने सुविधाः–
५. परियोजनाबाट लाभान्वित हुने परिवार तथा व्यक्तिको संख्याः–
६. कुल लागतः–
७. परियोजनाको संरचना निर्माण कार्य शुरु हुने समय अवधिः–
८. परियोजनाको संरचना निर्माण कार्य समाप्त हुने अवधिः–
९. परियोजना सञ्चालन हुने समयः–
१०. चरणवद्ध रुपमा परियोजना सञ्चालन गर्ने भए शुरु गर्ने क्षेत्र र अवधिः–
११. पूर्ण रुपमा सञ्चालन हुने समयावधिः–
१२. प्राप्त वा उपयोग गर्नु पर्ने घर जग्गाको विवरणः

| सि. नं. | प्रदेश | जिल्ला | वडा नं. | घर वा जग्गा धनीको नाम | मोही भए मोहीको नाम | घर वा जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१३. प्राप्त वा उपयोग गर्नु पर्ने घर वा जग्गाको सम्बन्धमा उल्लेख गर्नु पर्ने अन्य विषयः–

क) प्रस्तावित परियोजना क्षेत्रभित्र अरु कसैले कुनै प्रकारको आयोजना संचालन गरेको छ छैन ।

ख) परियोजनाबाट उपलब्ध गराइने सेवा, सो क्षेत्रमा लाभान्वित हुने जनसमूह, परिवार तथा जनसंख्याको विवरणः–

ग) प्राप्त वा उपयोग गरिनु पर्ने घर वा जग्गामा आश्रित कृषि, श्रमिक र उनीहरुको परिवारको विवरण ।

१४. दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातः–

क) निजी स्तरबाट त्यस्तो परियोजना सञ्चालन गर्ने सम्बन्धमा रामपुर नगरपालिकाबाट कुनै नीति स्वीकृत भएको भए त्यस्तो नीति सम्बन्धी कागजात,

ख) परियोजना स्थलको नक्सा (परियोजना क्षेत्रभित्रका गाउँ, शहर बस्ती बाटोघाटो खोलानाला वन, ऐतिहासिक तथा पर्यटकस्थल लगायत परियोजनाको मुख्य मुख्य संरचना देखिने नक्सा संलग्न गर्ने)

ग) परियोजना संचालन गर्दा प्रभावित हुने व्यक्ति, कृषि, श्रमिक तथा उनीहरुको परिवारको किसिम, संख्या र उनीहरुलाई पर्ने सामाजिक, आर्थिक असरको विश्लेषणत्मक अध्ययन प्रतिवेदन,

घ) परियोजना संचालन गर्दा प्रभावित व्यक्ति, कृषि श्रमिक तथा उनीहरुको परिवारलाई उपलब्ध गराउने क्षतिपूर्ति सम्बन्धी कार्य प्रणाली तथा तत्सम्बन्धी कार्यबिधि,

ङ) परियोजना संचालन गर्दा प्रभावित व्यक्ति, कृषि, श्रमिक तथा उनीहरुको परिवारको पुनर्वासको लागि सञ्चालन गरिने कार्यक्रमको विस्तृत विवरण तथा तत्सम्बन्धी प्रतिवेदन ।

माथि लेखिएको व्यहोरा ठीक साचौं छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्त दिनेको,–
सहीः
नामः
ठेगानाः
मितिः

# अनुसूची–१०
## अनुमतिपत्र दस्तुर जलस्रोत उपयोगको किसिम दस्तुर
## (वुदाँ ४३ सँग सम्बन्धित)

अनुमतिपत्र दस्तुर जलस्रोत उपयोगको किसिम दस्तुर

क) खानेपानी र घरेलु उपयोग रु. १०००।–

ख) सिंचाई रु. २०००।–

ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग रु. १०००।–

घ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग रु. २०००।–

ङ) जल यातायात रु. ५०००।–

च) आमोद प्रमोदजन्य उपयोग रु. ५०००।–

छ) अन्य उपयोग रु. ५०००।— सम्म समितिले तोकेबमोजिम ।

*प्रमाणीकरण मितिः- २०७६/११/११*

आज्ञाले
बाबुराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत